# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१ ) काठमाडौं, कात्तिक २१ गते २०६८ साल (संख्या २८

## भाग ५

### नेपाल सरकार

### श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले श्रम ऐन, २०४८ को दफा २१ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी सो ऐन लागू हुने चिया बगान प्रतिष्ठानहरूमा काम गर्ने कामदार वा कर्मचारीका लागि सम्वत् २०६८ साल श्रावण १ देखि लागू हुने गरी देहाय बमोजिमको न्यूनतम पारिश्रमिक तोकेको छ ।

१. चिया बगान प्रतिष्ठानहरूमा काम गर्ने कामदार वा कर्मचारीको मासिक न्यूनतम पारिश्रमिक रू. ४,४२४।–

२. चिया बगान प्रतिष्ठानहरूमा दैनिक ज्यालादारीमा काम गर्ने कामदारको दैनिक पारिश्रमिक रू. १५८।–

३. चिया प्रशोधन तथा उत्पादन गर्ने कारखानाभित्र काम गर्ने कामदारलाई दैनिक ज्यालादारीमा काम गरेको दिनको भत्ता स्वरुप थप रू. १२।– ।

खण्ड ५८, अतिरिक्ताङ्क ५१ (ख+१), मिति २०६५।११।२० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
डा. रामहरि अर्याल
नेपाल सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल इञ्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी उक्त नियमहरूको अनुसूची-३ को प्रकरण १३ को सट्टा देहायको प्रकरण १३ राखी हेरफेर गरेको छः–

"१३. सर्भे समूहको लागि--

| क्र.सं. | पद | शैक्षिक योग्यता |
|---|---|---|
| १ | रा.प. अनङ्कित द्वितीय श्रेणी (अमिन वा सो सरह) को पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा एक वर्षको तालीम प्राप्त गरेको । |
| २ | रा.प. अनङ्कित प्रथम श्रेणी (सर्भेक्षक वा सो सरह) को पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालीम प्राप्त गरेको । |
| ३ | राजपत्राङ्कित तृतीय श्रेणी (नापी अधिकृत वा सो सरह)को पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियो-मेटिक्स इञ्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | राजपत्राङ्कित द्वितीय श्रेणी (प्रमुख नापी अधिकृत वा सो सरह) र राज- | राजपत्राङ्कित तृतीय श्रेणीको नापी अधिकृत वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्ससँग सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र ऐनको दफा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| पत्राङ्कित प्रथम श्रेणी)सह-सचिब वा सो सरह)को पद | ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त गरेको । |

तर सम्वत् २०६८ साल भदौ १२ गते सूचना प्रकाशित हुनु अघि इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा बहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिने छ ।

आज्ञाले,
कृष्णप्रसाद लम्साल
नेपाल सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो. हु.द.नं. १६।०६२।६३

२५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।